# शाश्वत पराजुली

होमनाथ सुवेदी
वुडब्रिज, भर्जिनिया

**बालसाहित्यका पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज शारा बालसाहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार विजयी कृति** आधा देशको राजकुमार का लेखक श्री शाश्वत पराजुलीको परिचय हो ।

नाम : शाश्वत पराजुली
जन्म : २०२६।०८।०६ (21 Nov,1969)



निवास : सानेपा, ललितपुर
सम्पर्क : ५५५०९७२, ९८१०३०७३९
हाल : एनन्डेल , भर्जिनिया, यु. एस. ए.
सम्पर्क : ७०३ ६४२ ६६७८
पिता : कृष्णप्रसाद पराजुली
माता : नीरा पराजुली
शैक्षिक योग्यता : एम० ए०, त्रिभुवन विश्वविद्यालय
कार्यगत अनुभव :

- ☐ विविध प्रकाशन संस्थासँग सम्बद्ध भई तीन दर्जन बाल पुस्तकहरूको सम्पादन ।
- ☐ ‘मेला’ बालपत्रिकाको सम्पादन/प्रकाशन ।
- ☐ २ वर्ष प्राध्यापनमा संलग्न ।
- ☐ कान्तिपुर पब्लिकेशनको साप्ताहिक बालकोसेली ‘कोपिला’को सम्पादन ।

प्रकाशित कृतिहरू :

१ हीराको टुक्रा (बालकथा सङ्ग्रह, २०४४)
२ अनुहारको चित्र (बालकथा सङ्ग्रह, २०५४)
३. नेपाली साथी क, ख, र अङ्क १ देखि ८ सम्म (२०५६)

४.  लाटोकोसेरोलाई लड्डु (बालकथा सङ्ग्रह, २०५८)
५  पुतलीको यात्रा (बालकथा, २०५८)
६  छिमेकी चरा (अनुवाद बालकथा, २०५८),
७  बादलुले रङ्ग फेर्दा (गीत सङ्ग्रह, २०५९ )
८  बिचरो बुख्याचा (बाल चित्रकथा, २०५९)
९  सुरीको साइकल (बाल चित्रकथा, २०५९)
१०  चुस्के र छुस्के (बाल चित्रकथा, २०५९)
११  भकुल्लेको साथी को ? (बाल चित्रकथा, २०५९)
१२  हिउँकान्छा (बाल चित्रकथा, २०५९)

१३  दङ्ग-फुरुङ्ग (बाल चित्रकथा, २०५९)
१४  गोपीको टोपी (बाल चित्रकथा, २०६०)
१५  सिंहपता मैजु र अरु कथाहरू (बाल चित्रकथा, २०६०)
१६  आधादेशका राजकुमार (बाल उपन्यास, २०६०)
१७  शिल्पी -आधुनिक गीतको सि.डी क्यासेट, २०६१)

संलग्नता  :  (१) संस्थापक सदस्य, सुनकोसी साहित्य प्रतिष्ठान ।
(२) कार्यसमिति सदस्य, नेपाल बालसाहित्य समाज ।
(३) सहयोगी, नेपाल जापान बाल पुस्तकालय ।

पुरस्कारः
- ☐ रेडियो नेपालद्वारा सर्वोत्कृष्ट गीतकार पुरस्कार-२०५० ।
- ☐ वी० पी० मेमोरियल जागरण गीत प्रतियोगितामा सर्वोत्कृष्ट गीतकार २०५१ ।
- ☐ सम्पादित ‘मेला’ बालपत्रिकालाई उत्कृष्ट बाल पत्रकारिता पुरस्कार–२०५७ ।
- ☐ रत्न बालकोषद्धारा उत्कृष्ट लेखक पुरस्कार २०५८ ।
- ☐ जमर्को बाल पत्रकारिता पुरस्कार २०५८ ।
- ☐ बाल विकास पत्रकारिता पुरस्कार २०५९ ।
- ☐ पारिजात उत्कृष्ट बालसाहित्य पाण्डुलिपि पुरस्कार २०५९ ।
- ☐ अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज शारा वालसाहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार २०६२ ।

# ‘आधा देशको राजकुमार’ र शाश्वतका विचार

**बालसाहित्यका पुस्तकका लागि अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज शारा बालसाहित्य सर्वोत्कृष्ट पुस्तक पुरस्कार विजयी** श्री शास्वत पराजुलीको **कृति** ‘आधा देशको राजकुमार’ को परिचय हो यो ।




## बाल साहित्यप्रतिको दृष्टिकोण :

बालसाहित्यमा अझै पनि हामीहरू बालबालिकालाई उपदेशको भारी बोकाइरहेका छौँ । उनीहरूका रुचिलाई पटक्कै वास्ता नगरेर आफ्ना कुरा मात्र थोपरिरहने गरिन्छ । त्यसैले किताब भन्नेबित्तिकै नाना थरी उपदेश, सन्देश र आदेशको भकारी ठान्न थालेका छन् हाम्रा बालबालिकाले । सुरुमै किताबदेखि तर्सने बालबालिकालाई निकै कठिन हुन्छ फेरि किताबको संसारमा डोऱ्याउन । यसैले पनि हो, तुलनात्मक रूपमा पढ्ने बानीको विकास भएको छैन नेपाली बालबालिकामा ।

किताब पढ्नु साँच्चै रमाइलो हुन्छ । त्यसबाट प्रत्यक्ष-अप्रत्यक्ष रूपमा रचनात्मक ज्ञान र सीप हासिल गर्न सकिन्छ, तर यसका लागि किताबहरूको खाँचो छ । राम्रा र असल किताबहरूले बालबालिकाको मन-मस्तिष्कमा सधैं बास गरेका हुन्छन् ।

**कविवर माधव घिमिरेले शाश्वतका बारेमा भन्नुहुंदा–**

'बादलुले रङ्ग फेर्दा' नामक गीतसङ्ग्रहका स्रष्टा शाश्वत पराजुली प्रतिभाशाली गीतकार हुन्। उनको शैली लोकगीत र मुक्तक कविताको बीचबाट बनेको शैली हो। यसमा लोकबोली र सुकोमल लेख्य भाषाको स्वादिलो सम्मिश्रण छ। लय नहाली पढ्दा यसले कविताको आस्वाद र लय हालेर गाउँदा गीतको विशेष आनन्द दिन्छ। सङ्गीतका निम्ति उपयोगी छिटो-छरितोपन यो शैलीको विशेषता हो भन्ने मलाई लाग्छ। दुई नमुना हेरूँ–

हाँस्न खोज्दा आजभोलि चस्कन्छ यो छाती
लाग्न थाल्यो तिमी पनि नहाँसेकै जाती

बादलले जून पनि छेकिदिँदा राति
लाग्न थाल्यो तिमी पनि नहाँसेकै जाती

झ झ

तिमी नभए के अर्थ यहाँ–
फुलेको फूलको
तारा र जूनको
तिमी नभए के मर्म यहाँ–
चाँदी र सुनको
सुरिलो धुनको

शाश्वत पराजुली हृदयका शाश्वत भावका गायक हुन्। उनका गीतको केन्द्रीय स्वर प्रेमको स्वर हो– यसको दायाँबायाँ हर्षका र विषादका स्वर पनि त्यसैको झङ्कारमा झङ्कारिन्छन् तीनतारे सारङ्गीमा झैँ। शाश्वत तरुण छन् र उनका गीत पनि तरुण छन्। उनी प्रायशः प्रथम प्रेमका निष्पाप, निश्चल गीत गाउँछन्। ती गीतमा आत्माको उत्ताप हुन्छ, तर उत्ताउलो भने हुन्न–

तिमीलाई हेरिबसूँ रात छोटो लाग्छ
तिमीलाई केरिरहूँ बात मीठो लाग्छ
गुराँसका लालीहरु मुहारमै खुल्छन्
जाहीजुही पनि त्यहीँ श्रृङ्गार भै फुल्छन्
छिटो-छिटो सास फेर्दा मात मीठो लाग्छ
तिमीलाई केरिरहूँ बा(त मीठो लाग्छ

शाश्वत पराजुली प्रेमका, हर्षका गीत गाउँछन्– तर तिनमा चाटुकारिता र कृत्रिमता पाइन्न। उनी प्रेमका, पीडाका गीत पनि गाउँछन्, तर तिनमा रुन्चे स्वर र निराशा पाइन्न। उनका गीतबाट अर्को प्रबल स्वर पनि निस्किरहेछ, त्यो स्वर हो– जीवनबोधको स्वर। उनी शान्त प्रकृतिको र अशान्त प्रकृतिको गतिमा पनि तल्लीन भएर त्यही जीवनको सनातन स्वरलाई सुन्छन् –

रूझ्न देऊ यही झरीमा जीवन म बुझ्छु
बलेसीमा पानी बग्दा मीठो गीत सुन्छु।
झ झ
खडेरीमा निसासिँदै बर्सातमा रूझ्न आएँ
आँधीसँग जुध्नुपर्दा जिन्दगीलाई बुझ्न पाएँ

यो बलेसीको धारा र आँधीबेरीको अस्तव्यस्त स्वरजस्तै मानवीय जीवनका प्रवृत्तिलाई पनि उनले राम्ररी बुझ्न थालेका छन् र उनी विश्वसृष्टिलाई सम्बोधन गर्दै भन्छन्–

हे सृष्टि ! लौन मभन्दा भिन्नै मानिस बनाइदेऊ
ऊ बहिरो होस् र हामीले सुन्ने आर्तनाद नसुनोस्
ऊ अन्धो होस् र रगतपच्छे मानिस नदेखोस्

शाश्वत पराजुली सज्जन व्यक्तित्वका धनी, सह्दयी युवा हुन्। उनी यो सुन्दर संसारमा असल मनुष्यको स्वप्न देखिरहेका छन्। उनको स्वप्नले गीतमा आकार पनि पाओस् र आवाज पनि पाओस्। यिनै शब्दका साथ युवा गीतकार शाश्वत पराजुलीप्रति शुभाशिष् प्रदान गर्न चाहन्छु।

o